# पोखरा महानगरपालिका
## नगरकार्यपालिकाको कार्यालय
न्युरोड, कास्की
गण्डकी प्रदेश

**दृष्यावलोकन शुल्क ठेक्कामा लगाउने बारे बोलपत्र आब्हानको सूचना**

(प्रथम पटक प्रकाशित मिति २०७६/०६/२८)

पोखरा महानगरपालिका नगरकार्यपालिकाको कार्यालयबाट स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को परिच्छेद ३, दफा ११(घ) ६ बमोजिम २ बर्षका लागी के. आई. सिं पुल नजीक रहेको सेती गोज दृष्यावलोकन शुल्कको आय संकलन ठेक्का माध्यमबाट संकलन गर्नुपर्ने भएकोले इच्छुक फर्महरुले निवेदनसाथ फर्म दर्ताको प्रमाणित प्रतिलिपि, मुल्य अभिवृद्धि करको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, आर्थिक वर्ष २०७५।०७६ को करचुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि संलग्न गरि खरिद गर्न सकिनेछ ।

**तपशिल :**

| ठेक्का नं. | विवरण | न्युनतम रकम भ्याट बाहेक (२ बर्षको लागि) | बोलपत्र फारम दस्तुर |
|---|---|---|---|
| ०७६/०७७/१३ | के. आई. सिं पुल नजीक रहेको सेती गोर्ज | ४० लाख | १०००।०० |

शर्त तथा बन्देजहरु

१) टेण्डर फाराम खरिद गर्ने अन्तिम मिति, समय र स्थान - सुचना प्रकाशित मितिले ३० दिन भित्र वा मिति २०७६ साल कार्तिक २७ गते कार्यालय समयसम्म पोखरा महानगरपालिका कार्यालय, नगर कार्यपालिकाको कार्यालय न्युरोडवाट खरिद गरिसक्नु पर्नेछ ।

२) बोलपत्रफारम दाखिला गर्ने र खोल्ने मिति, समय र स्थान - बोलपत्र दर्ता अन्तिम मिति २०७६ साल कार्तिक २८ गते समय दिउसो १:०० वजेसम्म र बोलपत्र खोल्ने मिति २०७६ साल कार्तिक २८ गते समय दिउसो २:०० वजे र स्थान पोखरा महानगरपालिका कार्यालय न्युरोडमा खोलिनेछ । दर्ता भएका वोलपत्रहरु वोलपत्रदाता वा निजको रोहवरमा खेलिनेछ वोलपत्र खोल्दा वोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि सो बोलपत्र खोल्न बाधा पर्ने छैन ।

३) वोलपत्रदाताले कवोल गरेको धराटी रकम कवोल रकमको ५ प्रतिशतले हुन आउने धरौटी रकम यस कार्यालयको राष्ट्रिय बाणीज्य बैंक, पृथ्वीचोक शाखामा रहेको खाता नं. ३०२०३०३००७१०६ मा जम्मा गरेको सक्कलै बैंक भौचर वा कम्तिमा १२० दिन म्याद भएको पोखरा महानगरपालिकाको नाममा जारी भएको बैंक जमानत (विड वण्ड) संलग्न गरि शिलवन्दी गरि वोलपत्र फाराम पेश गर्नु पर्नेछ । बोलपत्रको प्रत्येक पानामा बोलपत्रदाताको सहीछाप नभएमा वोलपत्र मान्य हुनेछैन ।

४. बोलकबोलकर्ता र पोखरा महानगरपालिका वीच ठेक्काशर्तहरुका सम्बन्धमा कुनै विवाद उठेमा पोखरा महानगरपालिकाको निर्णय अन्तिम हुनेछ यसमा ठेकेदारको कुनै उजुर लाग्ने छैन ।

५. कवुल रकम एकमुष्ठ बुझाएमा ५ प्रतिशत छुट दिईनेछ । सो नभए कवोल रकमको ५० प्रतिशत नगद दाखिला र बांकी ५०% रकमको लागि २ बर्ष मान्यअवधि रहेको बैंक जमानत पेश गर्नुपर्नेछ ।

६. बोलपत्र स्वीकृत भए पश्चात सम्झौता अवधिमा सम्झौता गर्न नआएमा राखेको धरौटी जफत गरीनेछ ।

६. पार्कमां मदिराजन्य पदार्थ बिक्री गर्न, हो–हल्ला गर्न पाईने छैन, सार्वजनिक अवरोधका कार्यहरु गर्न नपाईने, कार्यालय व्यबस्थापन, टीकट छपाई, पार्कको सरसफाई व्यबस्थापन गर्ने जिम्वेवारी स्वयं बोलपत्रदाताको हुनेछ ।

७. धरौटी बापत नगद संलग्न गरेमा बोलपत्र रितपुर्वक भएको मानिने छैन ।

८. पर्यटकहरु संग तपसिल बमोजिमको दरमा शुल्क अशुल गर्न पर्नेछ ।

- नेपाली बिद्यार्थी एकको रु २०/–
- नेपाली पर्यटक रु ३०/–
- बिदेशि पर्यटक रु ६०/–

९. यस सम्वन्धी अन्य जानकारीहरु www.pokharamun.gov.np वाट प्राप्त गर्न सकिनेछ ।

नि. प्रमुख प्रशासकीय अधिकृत